# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An Undertaking of Government of Nepal)

पत्र संख्या : मर्जर/०८०/८१ मिति : २०८१/०२/०४
चलानी नं. : १८७३

श्री सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड (SLBSL)
बनेपा, काभ्रेपलाञ्चोक ।

विषय : धितोपत्रको सूचीकरण गरिएको बारे ।

साबिकको सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) गर्दा १:०.८५३५ को अनुपातमा कायम हुन आएको प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- दरको शेयर क्रम संख्या १४,५२,००१ देखि १७,०८,०५० सम्मको कुल २,५६,०५० कित्ता शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम यस स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार हुनका लागि संलग्न सम्झौता बमोजिमका शर्तहरु पालना गर्दै कर लगायतका तिर्नु बुझाउनु पर्ने दायित्व बाँकी रहेको देखिन आएमा अब कायम हुने संस्थाले व्यहोर्नु पर्ने गरी मिति २०८१/०२/०४ को निर्णयानुसार सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट धितोपत्रको सूचीकरण गरिएको र मर्जर प्रयोजनको लागि रोक्का रहेको उक्त कम्पनीको शेयर कारोबार फुकुवा गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

**शर्तहरु**

(१) धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतका नियम तथा विनियममा उल्लेख गरिएका शर्तहरु ।
(२) धितोपत्र सूचिकरण सम्झौता पत्रमा उल्लेखित शर्तहरु ।

**बोधार्थ** :

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।
श्री वित्त व्यवस्थापन शाखा- नेप्से ।

सरिता पाण्डेय
सहायक प्रवन्धक
सूचीकरण शाखा

**पुनश्च** : साबिकको बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड (BPW) को सूचीकरण खारेज भई त्यस कम्पनीको २,५६,०५० कित्ता शेयर सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड (SLBSL) नाममा कायम गरी कुल १७,०८,०५० कित्ता शेयर अभिलेख गरिएको ।

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755--59, 4250734--35 Fax: 4262538/Toll Free No. : 16600125025
website : www.nepalstock.com/ www.nepalstock.com.np